# चुमनुब्री गाउँपालिकाको विनियोजन ऐन, २०८२

**गाउँ सभामा पेश भएको मिति :-२०८२ असार ३ गते**

**गाउँ सभाबाट पास भएको मिति :- २०८२ असार १० गते**

चुमनुब्री गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** चुमनुब्री गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनिययोजन गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चुमनुब्री गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**1. संक्षिप्त नाम र प्रारम्भ :–**

क. यो ऐनको नाम "चुमनुब्री गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

ख. यो ऐन सभाले पारित गरेपछि लागु हुनेछ।

**2. आर्थिक बर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

आर्थिक बर्ष २०८२/८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा ४७,४०,९८,०००।– (अक्षेरुपी सच्चालिस करोड चालिस लाख अन्ठानब्बे हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ। जस अनुसार नेपाल सरकारबाट सशर्त अनुदान चालुतर्फ रु. १२ करोड ३७ लाख, वित्तीय समानीकरण अनुदान तर्फ ८ करोड ७३ लाख, सशर्त अनुदान पूँजीगत तर्फ १० लाख, विशेष अनुदानतर्फ १ करोड १० लाख, समपूरक अनुदान तर्फ १ करोड, राजस्व वाँडफाँडवाट प्राप्त रकम ११ करोड ९८ लाख ८३ हजार ९ सय, प्रदेश सरकार समानीकरण अनुदान तर्फ ८८ लाख ७५ हजार, विशेष अनुदान तर्फ ४० लाख, समपुरक अनुदान तर्फ ६० लाख, राजस्व वाँडफाँड वापत ९७ लाख ९ हजार तथा अघिल्लो आ.व.को मौज्दात र अल्याह सहित रु ७ करोड ६७ लाख ६२ हजार १ सय रूपैँया (अनुमानित) र आन्तरिक स्रोतबाट १ करोड ५८ लाख ६८ हजार हुने गरी जम्मा रू ४७,४०,९८,०००।– (अक्षेरुपी सच्चालिस करोड चालिस लाख अन्ठानब्बे हजार रुपैया मात्र) अनुमानित खर्च गर्न सकिने छ।

**3. विनियोजन –**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०८२/८३ को निमित्त चुमनुब्री गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपूग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्ने छ ।

अनुसूची १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखा समेत | रू २८,०९,५८,०००।०० | रू १९,३१,४०,०००।०० | | रू ४७,४०,९८,०००।०० |
| जम्मा | | | | | | रू ४७,४०,९८,०००।०० |

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत